# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्या: २६/०७९/०८०　　　　　　　　　　मिति:२०८०/०३/०८

अध्यक्षता: नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थिति:

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिता राम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**बैठक संख्या २६/०७९/०८०  अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक   मिति २०८०/०३/०८**

मिति २०८० साल आषाढ ८ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. **नगर सभामा पेश गरिने प्रस्तावहरु सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको तेह्रौं नगर सभा अधिवेशनको मिति २०८०/०३/१० का लागि आह्वान भएको पहिलो बैठकमा निम्न बमोजिमका प्रस्ताव तथा विधेयकह स्वीकृत गरी पेश गर्ने निर्णय गरियो ।

क. आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट, नीति तथा कार्यक्रम

ख. अर्जुनधारा नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक,२०८०

ग. अर्जुनधारा नगरपालिकाको विनियोजन विधेयक,२०८०

२. **अर्जुनधारा खेलमैदानको लागि जग्गा प्राप्ति सम्बन्धि सम्झौता सम्बन्धमा ।**

नेपाल सरकारको एक स्थानीय एक खेलमैदान कार्यक्रम अन्तर्गत यस अर्जुनधारा नगरपालिकाका लागि छनौट भएको अर्जुनधारा खेलमैदान, अर्जुनधारा ७ को लागि अर्जुनधारा नगरपालिका वडा नं ७ मा रहेको समाज उद्दार कल्याण संघको स्वामित्वमा रहेको कि.नं.१४०९ र १४१० ज.वि.२-०-० जग्गा नगरपालिकाले ३० वर्षका लागि भोगचलन गर्ने गरी जग्गा प्राप्ति गर्न सम्बन्धित संस्थासँग नगरपालिकाको तर्फबाट सम्झौता गरी आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

३. **नगरपालिकाको स्वामित्वमा रहेका व्यवसायिक भवनको भाडा संकलन सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको स्वामित्वमा शनिश्चरे बजारमा रहेका व्यवसायिक भवन (सामुदायिक सहित) को सटरहरुमा व्यवसाय गरी बस्ने केही व्यवसायीहरुबाट विगत लामो समयदेखि वहाल नबुझाएको भनी जानकारी प्राप्त भएको हुँदा आगामी २०८० साल आषाढ २५ गतेसम्ममा २०८० ज्येष्ठ मसान्त भित्रको वहाल बुझाउनका लागि सम्बन्धित व्यवसायीहरुलाई पत्राचार गर्ने सो अवधिमा समेत वहाल प्राप्त नभएमा उक्त सटर बन्द गरी नयाँ वहाल प्रक्रियामा जाने निर्णय गरियो ।

४. **विविधः**

(१) नगर कार्यपालिकाको मिति २०८०/०२/२७ को निर्णय बमोजिम वडा नं ६ मा साझेदारीमा प्लम्ब निर्माण सम्बन्धि आयोजनाका लागि रु ५ लाख विनियोजन भएकोमा उक्त आयोजनाको शीर्षक परिवर्तन गरी डुंगाडागीमा र दधिराम रिमालको घर पश्चिम ड्रेन निर्माण शीर्षक कायम गर्ने निर्णय गरियो ।

(२) मिति २०७९/०४/१८ गते बसेको नगर कार्यपालिकाको बैठकबाट अर्जुनधारा नगरपालिका वडा नं १ का आगलागी पिडिल श्री कोमल खनालको घर पुनर्निर्माणका लागि श्रमिकको ज्याला बापतको रकम उपलब्ध गराउने निर्णय भएकोमा उक्त निर्णयानुसार सम्बन्धित घर निर्माणको ज्याला बापत रु ५० हजार उपलब्ध गराउने निर्णय गरियो ।

(३) यस नगरपालिकाको सरसफाई सेवा शुल्क सङ्कलनका लागि खटिएका कर्मचारीहरुलाई निजहरुको रुजु हाजिर बमोजिम अतिरिक्त समय कामकाज गरे बापत प्रतिदिन रु ३००/- (तीन सय) मात्रका दरले खाना खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

(४) यस नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत युवा तथा खेलकुद शीर्षकमा विनियोजित बजेटबाट अर्जुनधारा नगरपालिका वडा नं १ मा सञ्चालन भएको कराते प्रतियोगिता सञ्चालनका लागि रु १ लाख र उपलब्ध गराउने गर्ने निर्णय गरियो ।

(५) यस नगरपालिकाको न्यायिक समिति तथा कार्यालयको अन्य विषयहरुमा कानुनी सल्लाहकारको रुपमा परामर्श सेवा दिँदै आउनु भएका अधिवक्ता श्री चित्रबहादुर मगरलाई आर्थिक वर्ष २०७९/०८० को निजको सेवा परामर्शको बमोजिमको सेवा शुल्क रु २ लाख ९३ हजार भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।